नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## साइबर ब्यूरो

भोटाहिटी, काठमाडौं

आ.व.: (२०८२/०८३) मिति: २०८२ पुस २१ गते ।

प्रेस विज्ञप्ति नं.: ११ ने.सं. ११४६

# प्रेस विज्ञप्ति-११

## SMC एप्लिकेशनको माध्यमबाट Online Scamming गर्ने समूहका व्यक्तिहरू पक्राउ ।

खैरहनी नगरपालिका वडा नं. ६, चितवनमा कार्यालय स्थापना गरी "एस.एम.सी.एन. एड्भरटाइजिङ्ग सर्भिस सेन्टर प्रा.लि. (S.M.C.N. Advertising Service Center Pvt Ltd)" नामक कम्पनीको आवरण (Shield) को प्रयोग गरी **SMC Application** को माध्यमबाट नेटवर्क विस्तार गरी (नेपालभर करिब ७०,००० भन्दा बढी नागरिकलाई यस सञ्जालमा जोडिएको) ठगी गर्ने समूहमा निम्न लगायतका व्यक्तिहरूको संलग्नता देखिएकोले कानून बमोजिम पक्राउ गरि **विद्युतीय माध्यम सम्वद्ध ठगी तथा संगठित अपराध** अन्तर्गतको कसूरमा सम्मानित काठमाडौं जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान कार्य भईरहेको ।

**निम्नः**

| सि.नं. | नाम थर | वतन | पक्राउ मिति | पक्राउ स्थान |
|---|---|---|---|---|
| १. | HE. JIANGJIANG वर्ष - ३७ | चिनीया नागरिक | २०८२।०९।०२ गते | जि.काठमाडौँ का.म.न.पा. वडा नं. १७ ठहिटी ठमेल स्थित रहेको होटल दि युनिभर्सल |
| २. | मिलन श्रेष्ठ वर्ष-२१ | जि. रामेछाप, रामेछाप न.पा. वडा नं. ०७ घर भई हाल जिल्ला काठमाडौँ बुढानिलकण्ठ न.पा. वडा नं. १० | २०८२।०९।०२ गते | जि.काठमाडौँ का.म.न.पा. वडा नं. १७ ठहिटी ठमेल स्थित रहेको होटल दि युनिभर्सल |
| ३. | सौगात थापा वर्ष-१९ | जि.तनहु बन्दिपुर गा.पा. वडा नं. ०३ स्थायी घर भई हाल काठमाडौँ मन्डिखाटार | २०८२।०९।०२ गते | जि.काठमाडौँ का.म.न.पा. वडा नं. १७ ठहिटी ठमेल स्थित रहेको होटल दि युनिभर्सल |
| ४. | विर बहादुर तामाङ वर्ष-३३ | जिल्ला नुवाकोट किस्पाङ गा.पा. वडा नं. ०४ घर भई हाल काठमाडौँ तार्केश्वर न.पा. लोलाङ | २०८२।०९।०३ गते | जिल्ला काठमाडौँ तार्केश्वर न.पा. लोलाङ |
| ५. | सोनम खातुन वर्ष-२३ | जिल्ला चितवन खैरहनी नगरपालिका वडा नं. ०६ | २०८२।०९।०४ गते | जिल्ला रुपन्देही बुटवल नगरपालिका वडा नं. ११ |
| ६. | प्रिया के.सी. वर्ष-२३ | जिल्ला काठमाडौँ टोखा न.पा वडा नं. ०८ | २०८२।०९।०६ गते | जिल्ला काठमाडौँ टोखा न.पा वडा नं. ०८ |
| ७. | मोनिका गुरुङ वर्ष-२२ | जिल्ला गुल्मी कालिगण्डकी गा.पा. वडा नं.७ | २०८२।०९।१४ गते | जिल्ला काठमाडौँ तार्केश्वर न.पा. वडा नं.०१ |
| ८. | गिता गुरुङ वर्ष-२१ | जिल्ला धादिङ गंगाजमुना गा.पा. वडा नं. ०३ | २०८२।०९।१४ गते | जिल्ला काठमाडौँ तार्केश्वर न.पा. वडा नं.०१ |

टेलिफोन नं. +९७७ - ०१ - ५३१९०४४, ९८५१२८६७७० वेबसाइट: https://cyberbureau.nepalpolice.gov.np/
इमेल: cyberbureau@nepalpolice.gov.np

| सि.नं. | नाम थर | वतन | पक्राउ मिति | पक्राउ स्थान |
|---|---|---|---|---|
| ९. | नासिर मिया अंसारी<br>वर्ष-३७ | जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं. ०१ | २०८२।०९।१७ गते | जिल्ला पर्सा बिरगञ्ज म.न.पा. वडा नं. १० |
| १०. | सायरा खातुन<br>वर्ष-६६ | जिल्ला पर्सा विरगंज म.न.पा. वडा नं.४ | २०८२।०९।१८ गते | जिल्ला बिरगञ्ज म.न.पा. वडा नं.१६ |
| ११. | राम निवास प्रसाद कलवार, वर्ष-६७ | जिल्ला बारा कलैया गा.वि.स. वडा नं. ०१ | २०८२।०९।१८ गते | जिल्ला पर्सा बिरगञ्ज म.न.पा. वडा नं. १६ |

- **उजुरी संख्या:** हालसम्म २५५ वटा सामूहिक निवेदन प्राप्त (एउटै निवेदनमा परिवारका धेरै सदस्यहरू पीडित रहेको)
- **ठगी रकम:** हालसम्म प्राप्त ठगीको उजुरीको तथ्याङ्क अनुसार रु. १२,०८,१६,३७२/- (बाह्र करोड ८ लाख १६ हजार ३ सय ७२) बराबरको रकम ठगी भएको देखिएको।
- **कानूनी कारबाही:** संगठित अपराध निवारण ऐन, २०७० र मुलुकी अपराध संहिता २०७४ अन्तर्गत थप अनुसन्धान भइरहेको।

**संगठित समूहले विद्युतीय माध्यमको प्रयोग गरी Online Scamming गर्नको लागि अपनाएको कार्यविधि:**

१. **वैधताको झुट्टा विश्वास:** कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र देखाई र भौतिक रूपमा कार्यालय समेत स्थापना गरी सर्वसाधारणमा यो पूर्णतः कानूनी काम हो भन्ने भ्रम सिर्जना गरेको।

२. **अन्तर्राष्ट्रिय आवरण:** विश्वप्रसिद्ध फिल्म कम्पनीहरू (Universal, Warner Bros, Disney) सँग सहकार्य रहेको र चलचित्रको विज्ञापन हेरेबापत पैसा पाइने झुट्टो दाबी गरी "SMC" नामक मोबाइल एपमा आवद्ध गराएको।

३. **पिरामिड संरचना र कमिसन:** सदस्यहरूलाई तीन तहमा विभाजन गरी नयाँ सदस्य भर्ना गरेबापत आकर्षक कमिसनको प्रलोभन देखाइएको। (Level A: निक्षेपमा १२% कमिसन र दैनिक कामको ५%, Level B: निक्षेपमा ४% कमिसन र दैनिक कामको २%, Level C: निक्षेपमा १% कमिसन र दैनिक कामको १% आम्दानी)

४. **पोन्जी स्किम र सम्पत्ति कोष**: कुनै वास्तविक व्यापारिक कारोबार नगरी नयाँ सदस्यहरूको पैसाबाट पुरानालाई प्रतिफल दिने 'पोन्जी मोडल' अपनाएको। साथै, BlackRock जस्ता काल्पनिक कोषमा रकम राखे दैनिक १.२% सम्म प्रतिफल दिने भन्दै ठगी गरेको।

**साइबर ब्यूरोको विशेष अनुरोध:**

१. **उजुरी गर्नुहोस्:** यदि तपाईं वा तपाईंको परिवार यस SMC एप वा यस्तै अन्य कुनै अनलाईन टास्कमा ठगिनुभएको छ भने तुरुन्त आफ्ना प्रमाणहरू (डिजिटल स्क्रीनशट, बैंक ट्रान्सफर भौचर आदि) सहित यस कार्यालय वा नजिकैको जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनुहोस्।

२. **खाता बन्द गर्नुहोस्:** आफ्नो बैंक खाता वा QR Code थोरै कमिसनको लोभमा अपरिचित व्यक्तिलाई प्रयोग गर्न दिनु "Money Mule" बन्नु हो। आपराधिक समूहको लागि यस्तो गैर-कानूनी कार्यमा संलग्न हुनु कानून विपरीतको कार्य भएकोले तत्काल त्यस्ता बैंक खाताहरू बन्द गर्नुहोस् र खाता खोल्न लगाउने व्यक्ति विरूद्ध यस कार्यालय वा नजिकैको प्रहरी कार्यालयमा गोप्य रूपमा उजुरी गर्नुहोस्।

३. **आफ्ना खाता तथा QR विवरण शेयर नगर्नुहोस्:** आफ्ना वित्तीय विवरणहरू अपरिचित व्यक्ति वा आर्थिक प्रलोभनमा शेयर नगर्नुहोस्। बैंक खाताहरू तथा वालेट एकाउन्टहरू दुरूपयोग हुनसक्छ।

४. **प्रलोभनको पछि नलाग्नुहोस्:** "घरमै बसी भिडियो हेरेर पैसा कमाउने" वा "थोरै लगानीमा उच्च प्रतिफल दिने" "कुनै पनि कम्पनिको अनलाईन प्रोमोशन गरेबापत अनलाईन पैसा कमाईने" जस्ता विज्ञापनहरूमा क्लिक गर्नुभन्दा आधिकारिकता जाँच गर्नुहोस्। यस्ता विज्ञापन ठगी गर्ने गिरोहले फैलाएको जालो हुनसक्छ, होशियार हुनुहोस !

.....................................

प्रहरी उपरीक्षक

(दिपक राज अवस्थी)

प्रवक्ता एवं सूचना अधिकारी

सम्पर्क नं.९८५१२८६७७२